श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

इजलास

माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

राजस्व सदस्य श्री गोविन्दप्रसाद अधिकारी

लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं

फैसला

२०७९/०८० सालको निर्णय नं. १४५

पुनरावेदन नं. ०७५-RB-०१६५

पुनरावेदन दर्ता मितिः-२०७५।०९।१५

मुद्दाः– अग्रिम कर कट्टी (आ.व. २०६९/०७०)।

का.जि.का.म.न.पा. वडा नं.३१ कमलादी स्थित हिमालयन बैंक लि.को तर्फबाट ऐ.का अधिकार प्राप्त महाप्रबन्धक का.जि. बुढानिलकण्ठ न.पा., वडा नं.१० गोल्फुटार बस्ने सुशील जोशी...१	पुनरावेदक

विरुद्ध

ठूला करदाता कार्यालय, हरिहरभवन,ललितपूर...१	प्रत्यर्थी

शुरु निर्णय गर्ने कार्यालय र अधिकारी

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री वलराम रिज्याल

शुरु कार्यालयको निर्णय मितिः-२०७४।०३।२९

प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी

निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः- महानिर्देशक श्री विष्णुप्रसाद नेपाल

निर्णय मितिः- २०७५।०५।२८

उपस्थित कानुन व्यवसायीहरुः

पुनरावेदकका तर्फबाटः- विद्वान अधिवक्ता श्री सुरज श्रेष्ठ

प्रत्यर्थीका तर्फबाटः- विद्वान सहायक न्यायाधिबक्ता श्री विमला गौतम

अवलम्वित नजीरः ×

आन्तरिक राजस्व विभागका महानिर्देशकवाट मिति २०७५।०५।२८ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम यस न्यायाधिकरणमा पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

तथ्य खण्ड

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता हिमालयन बैंक लिमिटेडले आ.व. २०६९/०७० को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार ठूला करदाता कार्यालयमा मिति २०७०।०९।२१ मा आय विवरण पेश गरेको।

२. आ.व. २०६९/०७० को लागि ठूला करदाता कार्यालयबाट कर परिक्षण हुँदा सोको सिलसिलामा करदाताबाट पेश हुन आएको आय विवरणसाथ संलग्न कागजात, फाँटवारी तथा प्रमाणहरुको अध्ययन, छानविन गरी पेश हुन आएको कर परीक्षण प्रतिवेदन समेतको आधारमा प्रस्तुत करदाताले आ.व. २०६९/०७० मा श्रोतमा कर कट्टी गरी दाखिला नगरेको कर रकम रू.९९,९२,५५०।५१ (अक्षेरुपी उनान्सय लाख बयानब्बे हजार पाँच सय पचास रूपैंया पैसा एकाउन्न मात्र) माग गर्नुपर्ने देखिएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद/प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५ (पन्ध्र) भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा ९०(८) वमोजिम करदातालाई मिति २०७४।०२।२४ मा लिखित सूचना जारी गरिएको।

३. ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७४।०२।२४ मा जारी गरिएको सूचना बमोजिमको जवाफ करदाताले मिति २०७४।०२।२४ मा पेश गरेको।

४. यसमा श्रोतमा कर कट्टी रकम रू.१,००,५२,५८८।- (अक्षेरूपी एक करोड बाउन्न हजार पाँच सय अट्ठासी रूपैंया मात्र) (शुल्क तथा ब्याज सहित) दाखिला गर्न आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) वमोजिमको आदेश दिने भन्ने समेत व्यहोराको ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७४।०३।२९ मा भएको निर्णय।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट श्री हिमालयन बैंक लि.को आ.व. २०६९/०७० को पूर्ण कर परीक्षण गर्ने क्रममा त्यस बैंकले आयकर ऐन, २०५८ बमोजिम पोशाक भत्ता, SWIFT सेवा,लेखा परीक्षण शुल्क र कर्मचारीलाई उपलब्ध गराएको सहुलियत कर्जा सापटीमा प्रचलित ब्याजदर भन्दा सहुलियत दरमा कर्जा दिएको Contg. Loan and Home loan शीर्षकहरुमा अग्रिम कर कट्टी गरी भुक्तानी गर्नुपर्नेमा कम भुक्तानी गरेको/भुक्तानी भएको नदेखिएकोले २०७४।०३।२९ को निर्णय अनुसार देहाय अनुसारको रकम रू.१,००,५२,५८८।०० (अक्षेरूपी एक करोड बाउन्न हजार पाँच सय अट्ठासी रूपैंया मात्र।) सूचना बुझेको मितिले ७(सात) दिन वा हुलाकबाट रजिष्ट्रि गरि पठाएको मितिले १५(पन्ध्र) दिन भित्र बैंकमा दाखिला गर्नु हुन आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) बमोजिम मिति २०७४।०३।२९ मा ठूला करदाता कार्यालयबाट करदाताको नाममा भुक्तानीमा करकट्टी रकम दाखिला गर्ने बारे सूचना जारी गरिएको।

६. ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७४।०३।२९ हिमालयन बैंक लि.को को नाममा जारी भएको भुक्तानीमा करकट्टी रकम दाखिला गर्ने बारे सूचना करदाताले मिति २०७४।०४।०९ मा बुझिलिएको।

७. ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट अग्रिम कर तर्फ आर्थिक वर्ष २०६९/०७० को लागि मिति २०७४।०३।२९ मा जारी भएको अग्रिम कर कट्टी आदेश उपर चित्त नबुझाई करदाता हिमालयन बैंक लिमिटेड कमलादी, काठमाडौं (स्थायी लेखा नम्बर ५०००८७१५८) ले प्रशासकीय पुनरावलोकन गरि पाउँ भनी मिति २०७४।०५।०५ मा आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौमा पेश गरेको निवेदन पत्र।

८. ठूला करदाता कार्यालयबाट भएको अग्रिम कर निर्धारण कानुन सम्मत भएकोले करदाताको निवेदन जिकीर नपुग्ने साथै, आयकर ऐन संशोधन सहितको दफा १०१ अनुसार संशोधित कर निर्धारण गरिएको अवस्थामा सोही ऐनको दफा १२० र दफा ११८ वमोजिम ब्याज लगाउनु कानुन बमोजिम नै देखिएको हुँदा निवेदकको जिकिर नपुग्ने ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०५।२८ मा भएको निर्णय।

९. ठूला करदाता कार्यालयबाट करदाता बैंकको आ.व. २०६९/०७० को कर परीक्षण गरी कर्मचारीको पोशाकमा खर्च भएको रकमलाई खर्च कट्टी नदिई आयमा समावेश गरेको, करदाताले आफ्नो बैंकको लेखा परीक्षण गरे वापत लेखा परिक्षकलाई भुक्तानी गरेको लेखा परीक्षण शुल्कमा कानुन बमोजिम करकट्टी गरी दाखिला गरेको खाजा तथा होटल खर्च, हवाई टिकट तथा सोधभर्ना वापत दैनिक तथा भैपरि आउने खर्चको सोधभर्ना बापत बैकबाट भुक्तानी दिएको हुँदा लेखा परीक्षण सम्बन्धी अन्य खर्च

सम्बन्धमा रू. ६,४४,२८०।३७ अग्रिम कर कट्टी गरेको, SWIFT सेवामा अग्रिम कर लगाइएको, कर्मचारीलाई उपलब्ध गराएको सहुलियत कर्जामा अग्रिम कर निर्धारण कानुन सम्मत भएकोले करदाताको निवेदन जिकीर नपुग्ने साथै, आयकर ऐन (संशोधन सहित)को दफा ९० को उपदफा ८ अनुसार अग्रिम कर निर्धारण गरिएको अवस्थामा सोही ऐनको दफा १२०(क) बमोजिम ५० प्रतिशत शुल्क र दफा ११९ वमोजिम ब्याज लगाउनु कानुन बमोजिम नै देखिएको हुँदा निवेदकको जिकिर नपुग्ने ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०५।२८ मा भएको निर्णय।

१०. ठूला करदाता कार्यालयबाट करदाता बैंकको आ.व. २०६९/०७० को कर परीक्षण गरी कर्मचारीको पोशाकमा खर्च भएको रकमलाई खर्च कट्टी नदिई आयमा समावेश गरेको, करदाताले आफ्नो बैंकको लेखा परीक्षण गरे वापत लेखा परिक्षकलाई भुक्तानी गरेको लेखा परीक्षण शुल्कमा कानुन बमोजिम कर कट्टी गरी दाखिला गरेको खाजा तथा होटल खर्च, हवाई टिकट तथा सोध भर्ना वापत दैनिक तथा भैपरि आउने खर्चको सोधभर्ना बापत बैकबाट भुक्तानी दिएको हुँदा लेखा परीक्षण सम्बन्धी अन्य खर्च सम्बन्धमा रू.६,४४,२८०।३७ अग्रिम कर कट्टी गरेको, SWIFT सेवा वित्तीय सेवा भएकोले अग्रिम कर नलाग्ने भएकोले उक्त सेवामा अग्रिम कर,जरिवाना,व्याज लगाउनु, कर्मचारीलाई उपलब्ध गराएको सहुलियत कर्जामा कर कट्टी गरेको त्रुटीपूर्ण एवं कानुन सम्मत समेत नहुँदा अग्रिम कर माग गर्ने गरी ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी भएको आन्तरिक राजस्व विभागको निर्णय त्रुटीपूर्ण हुँदा बदर गरी अग्रिम करको हकमा दफा १२०(क) बमोजिम शुल्क नलाग्ने निर्णय गरी पाउँ भन्ने समेत व्यहोराको मिति २०७५।०९।१५ मा यस न्यायाधिकरणमा पेश गरेको पुनरावेदन पत्र।

११. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को उपदफा (३) वमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालय काठमाडौंलाई पेशीको सूचना दिइ नियमानुसार पेश गर्नु भन्ने मिति २०७५।१२।१३ मा यस न्यायाधिकरणबाट भएको आदेश।

१२. यसमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरको मिति २०७४।०३।२९ मा भएको निर्णयमा बैंकको औषत व्याजदर ९.९९ प्रतिशत देखिएको भनी कर्मचारीलाई उपलब्ध सहुलियत कर्जा (Home Loan र Contg. Loan) मा फरक औषत व्याजदर क्रमशः १.४२ प्रतिशत र १.६० प्रतिशतले हुने रकम आयकर ऐन, २०५८ को दफा २७ को उपदफा (१) को खण्ड (घ) बमोजिम प्रमाणिकरण गरी कर्मचारीको पारिश्रमिक आयमा समावेश गरी पारिश्रमिक कर कट्टी माग गर्ने निर्णय भएको तर बैंकको औषत ब्याजदर के कसरी कायम गरिएको भन्ने स्पष्ट नभएको हुँदा

सो सम्बन्धमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट जवाफ माग गरी आएपछि नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६।०५।१० मा भएको आदेश।

ठहर खण्ड

१३. नियम बमोजिम पेशी सूचिमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता हिमालयन बैंक लिमिटेडका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिबक्ता श्री सुरज श्रेष्ठले ठूला करदाता कार्यालय हरिहरभवन ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको अग्रिम कर निर्धारणको आदेश मिलेको नहुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री विमला गौतमले शुरु कार्यालयबाट भएको अग्रिम कर निर्धारणको आदेश तथा सो आदेशलाई सदर गरी अन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय कानुन सम्मत नै रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१४. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको मिति २०७४।०३।२९ को अग्रिम कर निर्धारणको आदेश तथा प्रशासकीय पुनरावलोकनको क्रममा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७५।०५।२८ को निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१५. सर्वप्रथम सहकर्मी लेखा सदस्यले प्रस्तुत मुद्दामा करदाताले राख्नुपर्ने धरौटी रकमको सम्बन्धमा फरक राय प्रकट गर्नु भएकोले पुनरावेदक करदाताले यस न्यायाधिकरणमा यो पुनरावेदन दर्ता गर्दा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१) को परिपालना गरेको देखिन्छ वा देखिदैन भन्ने प्रश्न तर्फ विचार गर्नुपर्ने देखियो। राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा "**प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन अन्तर्गत न्यायाधिकरणमा पुनरावेदन गर्दा देहाय बमोजिम धरौटी नराखी पुनरावेदन लाग्ने छैन**" भन्ने कानुनी व्यवस्था गर्दै खण्ड (क) मा "**कर निर्धारण भएकोमा निर्धारित करको पचास प्रतिशत रकम र जरिवाना भएकोमा जरिवानाको रकम र दुवै भएकोमा निर्धारित करको पचास प्रतिशत रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले नै तोकिदिएको कार्यालयमा**" भन्ने कानुनी व्यवस्था रहेको पाइन्छ। उक्त कानुनी व्यवस्था बमोजिम धरौटी राखेको सम्बन्धमा करदाताले पुनरावेदन पत्रको पहिलो पृष्ठमा जम्मा निर्धारित कर रकम रू.१,००,५२,५८८।- कर निर्धारण भएकोमा सोको ५०% रू.

५०,२६,२९४।२४ पुनरावेदन गर्दा नगद दाखिला गर्नु पर्नेमा आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकन गर्दा रू. ३३,५१,०००।- दाखिला गरेकोले नपुग रू.१६,७५,२९४।- दाखिला गर्नुपर्नेमा रू. १६,८०,०००।- नगद जम्मा गरिएको भनी एभरेष्ट बैंक लिमिटेडको मिति २०७५।०९।११ को बैंक दाखिला भौचर पुनरावेदन-पत्र साथ पेश गरेको देखियो। करदाताको उक्त व्यहोरा करदातालाई मिति २०७४।०३।२९ मा जारी सूचना र मिसिल संलग्न भौचरबाट समर्थित भएको देखियो। यसरी कानुन वमोजिम लाग्ने धरौटी रकम जम्मा भइ रहेको देखिँदा केवल धरौटी खातामा रकम जम्मा नगरी राजश्व खातामा जम्मा भएको कारणले मात्र करदाताले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१)(क) को परिपालना नगरेको भन्नु न्यायोचित हुने देखिएन।

१६. अव करदाताले पेश गरेको पुनरावेदन पत्र हेर्दा विभिन्न शीर्षकमा भएको भुक्तानीमा अग्रिम कर माग गरेको निर्णय कानुन सम्मत नरहेको भनी जिकीर लिएको देखियो।

१७. पहिलो पुनरावेदन जिकीर सँग सम्बन्धित पोशाक खर्च शिर्षकमा अग्रिम कर माग गरेको सम्बन्धमा हेर्दा, करदाताले पोशाक वापत कर्मचारीलाई बार्षिक रूपमा सिधै रकम उपलब्ध गराउने नभई बैंकले पोशाक नै खरिद गरी वरिष्ठ सहायक तह सम्मका कर्मचारीलाई कार्यालय प्रयोजनको लागि उपलब्ध गराए वापत खर्च दावी गरिएको रकमलाई आयकर ऐन, २०५८ को दफा ८ बमोजिम रोजगारीको आयमा समावेश गरी अग्रिम कर माग गरिएको गैरकानुनी भएको भन्ने पुनरावेदन जिकिर रहेको देखियो। करदाताले पेश गरेको कर्मचारीको तलव तथा भत्ताको विवरणमा आयकर ऐन,२०५८ को दफा ८ बमोजिम पोशाक भत्ता रू.५६,७२,५१४।८९ मध्ये रू.७,०४,७९६।५० सुरक्षा गार्डहरूको लागि र रू.४९,६७,७१८।३९ अन्य कर्मचारीहरूको लागि पोशाक वापत खर्च लेखेको पाइयो। ठूला करदाता कार्यालय ललितपुरले आयकर ऐन, २०५८ को दफा ८७ तथा दफा ८(२)(छ) बमोजिम सम्बन्धित कर्मचारीको रोजगारी आयमा समावेश गरी कर कट्टी गर्नुपर्ने भनी अग्रिम कर माग गरेको देखियो। आयकर ऐन, २०५८ को दफा ८ को उपदफा (२) को खण्ड (क) मा **"ज्याला, तलव, विदा वापतको रकम, अतिरिक्त समय काम गरेको वापतको रकम, शुल्क कमिशन पुरस्कार उपहार वोनस र अन्य सुविधाहरु वापतको भुक्तानी भन्ने उल्लेख भएको देखिन्छ"** भने खण्ड (ख) मा **"महङ्गी भत्ता, जिवन निर्वाह खर्च, भाडा, मनोरञ्जन वा यातायात भत्ता वापतको रकम लगायत कुनै पनि व्यक्तिगत भत्ताका भुक्तानी"** भन्ने उल्लेख भएको पाइयो। उल्लिखित दुवै खण्डमा पोशाक खर्च उल्लेख भएको देखिदैन। पोशाक कर्मचारीको व्यक्तिगत प्रकृतिको सुविधा जस्तो देखिए पनि करदाता बैंकवाट व्यक्तिगत भत्ताको रुपमा रकम भुक्तानी गरेको देखिदैन। आय गणना गर्ने प्रयोजनको लागि घरेलु वा व्यक्तिगत प्रकृतिका खर्च कट्टी

गर्न नपाइने भए तापनि आयकर ऐन, २०५८ को दफा २१ को उपदफा (३) को स्पष्टीकरण खण्ड (क) को प्रकरण (१) को (ग) मा **"काम गर्दाको समय वाहेक अन्य समयमा लगाउन उपयुक्त नभएका लुगा वाहेक प्राकृतिक व्यक्तिका लागि लुगाको खरिद गर्न भएको खर्च"** भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ। पुनरावेदक बैंकले वरिष्ठ सहायक तह सम्मका कर्मचारीले कार्यालयमा उपस्थित हुँदा तथा दैनिक जिम्मेवारी वहन गर्दा अनिवार्य रूपमा यसरी दिईएको पोशाकको प्रयोग गर्नु पर्ने देखिन्छ। यसले वैकमा ग्राहकहरूको उपस्थिति हुने काउण्टरहरूमा Dress Code पालना हुनुको साथै वैंकमा काम विशेषले ग्राहकहरू आउदा पनि सहज रूपमा पहिचान गर्न सक्ने, बैंककै व्यवसाय तथा आय आर्जनमा सहयोग पुर्‍याउने, पोशाकमा गरेको खर्च बैंकले आफ्नो शाख अभिवृद्धि गर्न, कर्मचारीलाई सुसज्जित एवं अनुशासित राखी पोशाकद्वारा वैंक प्रतिविम्बित होस भन्ने हेतुले खर्च गरेको देखिँदा यस्तो खर्च वापत भएको भुक्तानीमा रू.३९,३६,०६४।- अग्रिम कर माग गरेको निर्णय कानुन सम्मत देखिन आएन।

१८. पुनरावेदकको अर्को पुनरावेदन जिकिर तर्फ हेर्दा, आयकर ऐन,२०५८ को दफा ६७ बमोजिम SWIFT सेवा वित्तीय सेवा भएकोले अग्रिम कर नलाग्ने भएकोले उक्त सेवामा अग्रिम कर लगाई जरिवाना र व्याज समेत लगाउनु कानुन सम्मत नभएको र उक्त सेवा आयकर ऐन, २०५८ को दफा ८८ को भुक्तानी भित्रै नपर्ने भन्ने दावी लिएको पाइयो। करदाताले आयकर ऐन,२०५८ को दफा ६७ (छ) (ज) र (झ) (१) बमोजिम **Postage, Telex, Telephone and Fax** शिर्षकमा **SWIFT** सेवा प्राप्त गरेको देखियो। आयकर ऐन, २०५८ को दफा ८८ उपदफा (१)मा **"बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, विक्री वोनस, अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवबाश भुक्तानीको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ"** भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ। उक्त कानुनी व्यवस्था अनुसार करदाताले प्राप्त गरेको **SWIFT** सेवा प्राप्त गर्नका लागि आवश्यक पर्ने संयन्त्रहरू नेपालमै रहेको र सो सेवा प्रयोग पनि नेपालमा भएको देखियो। आयकर ऐन, २०५८ को दफा ६७ को उपदफा (७) मा **"माथिका उपदफाहरुमा लेखिए वमोजिम नेपालमा स्रोत भएका मानिने वाहेक कुनै आय, नोक्सानी, रकम लाभ वा भुक्तानीलाई विदेशी श्रोत भएको मानिनेछ र त्यस्तो आय, नोक्सानी, रकम, लाभ वा भुक्तानीको स्रोत कुन विदेशी मुलुकमा रहेको छ भन्ने कुरा यकिन गर्ने प्रयोजन को लागि यस ऐनमा नेपाल भनी उल्लेख भएका सन्दर्भहरु कुनै खास विदेशी मुलुकको हकमा उल्लेख भएको सन्दर्भ सरह मानी लागू हुनेछन्"** भन्ने कानुनी व्यवस्था रहेको पाइन्छ। पुनरावेदक बैंकले **SWIFT** सेवा नेपाल भित्र कै आफ्ना **Client** हरुलाई प्रदान गरी सो सेवा वापत सेवा शुल्क समेत असुली गरेर भुक्तानी गरेको देखिँदा

त्यस्तो भुक्तानीलाई आयकर ऐन, २०५८ को दफा ६७को उपदफा (६) को खण्ड (ज) र (झ)वमोजिम नेपालमा सञ्चालित क्रियाकलापका सम्बन्धमा गरिएका भुक्तानी मानिने र सोको स्रोत नेपालमा रहेको मानिने हुँदा करदाताले भुक्तानी गरेको **SWIFT** सेवा वापतको भुक्तानीको हकमा दफा ८८(१) बमोजिम रू.८,४२,८८४।— अग्रिम कर कट्टी दाखिला गर्नुपर्नेमा नगरेकोले व्याज समेत लाग्ने ठहऱ्याई ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७४।०३।२९ मा भएको निर्णय र उक्त निर्णय सदर गर्ने गरी भएको आन्तरिक राजस्व विभागको मिति २०७५।०५।२८ को निर्णय सो हदसम्म मिलेकै देखिन आयो।

१९. अव अर्को पुनरावेदन जिकीर लेखा परीक्षण खर्च वापतको रु.२,०२,९४८।- अग्रिम कर माग गरेको सम्बन्धमा दृष्टिगत गर्दा, करदाता हिमालयन बैंक लिमिटेडको आ.व.२०६९/०७० मा लेखा परीक्षण शुल्क सम्बन्धी अन्य खर्च समेत भनी रु.१३,९०,०८०।- आय विवरणमा देखाई खर्च दावी गरेको देखिन्छ। सो मध्ये लेखा परीक्षण शुल्क रु.७,४५,८००।- लेखापरीक्षण अन्य खर्च रु. ६,४४,२८०।- चिया, नास्ता, भ्रमण आदीमा भएको खर्च भएकोले अग्रिम कर कट्टी नगरेको भन्ने करदाताको जिकिर रहेको पाईयो। आयकर निर्देशिका, २०६६ (संशोधन,२०७३) सहितको पृष्ठ संख्या ३२२ को अन्तिम अनुच्छेदमा "**परामर्श दिने वा सेवा सुविधा उपलब्ध गराउने व्यक्तिले परामर्श दिने वा सेवा शुल्क गणना गर्दा सेवा शुल्कको अतिरिक्त रात्री होटल खर्च आदि शिर्षक समावेश गरी कुल प्राप्त गर्ने सेवा शुल्कको गणना भएको छ भने सेवा प्रदान गर्ने व्यक्तिले सेवा प्रदान गर्ने सन्दर्भमा भएका त्यस्ता खर्च सेवा प्रदान गर्ने व्यक्तिको खर्च भएकोले सो कटाई सेवा शुल्क गणना गर्न पाईदैन**" र सोही अनुच्छेदको अन्तिम बाक्यमा "**सेवा प्रदायकले सेवा प्रदान गर्ने सम्बन्धमा विभिन्न शिर्षकहरू कटाई प्राप्त गरेको छ भने पनि सोलाई एकमुष्ट सेवा शुल्कको रूपमा भुक्तानी मानी अग्रिम कर कट्टी गर्नु पर्दछ**" भन्ने उल्लेख भएको पाईन्छ। करदाताले चिया, नास्ता, भ्रमण आदिमा भएको खर्चलाई प्रशासनिक खर्चमा समावेश गरी खर्च कट्टीको दावी नगरी लेखा परीक्षण शुल्कसँग सम्बन्धित अन्य खर्च भन्ने शीर्षकमा समावेश गरेको तर रु.७,४५,८००।— मूल्य अभिबृद्धि कर बाहेक रू.६,६०,०००।- को मात्र अग्रिम करकट्टा गरी दाखिल गरेको र रु. ६,४४,२८०।- को अग्रिम कर कट्टी नगरेको तथ्य स्थापित देखियो। करदाताले भुक्तानी गरेको लेखा परीक्षण अन्य खर्च रू.६,४४,२८०।— पनि लेखा परीक्षण शुल्क सरह लेखा परीक्षकलाई गरिएको भुक्तानी हुँदा भुक्तानीकै वखत आयकर ऐन, २०५८ को दफा ८८(१) वमोजिम अग्रिम कर कट्टी गर्नुपर्ने नै देखिँदा करदाताको पुनरावदेन जिकीरसँग सहमत हुन सकिएन।

२०. त्यसैगरी चौथो पुनरावेदन जिकीर कर्मचारीलाई सहुलियत दरमा प्रदान गरेको कर्जा सुविधाको अग्रिम कर कट्टी नगरेको सम्बन्धमा हेर्दा, करदाता बैंकले कर्मचारीलाई उपलब्ध गराएको कर्जा राष्ट्र बैंकबाट स्वीकृत कर्मचारी विनियमावली बमोजिम प्रदान गरिएको हुदा बैंकले आफ्नो ग्राहकलाई उपलब्ध गराएको कर्जा तथा कर्मचारीलाई उपलब्ध गराएको कर्जालाई एकैसाथ तुलना गर्नु उचित नहुने भन्ने पुनरावेदन जिकीर रहेको देखियो।।ठूला करदाता कार्यालय ललितपुरले आयकर ऐन, २०५८ को दफा ८७(१) तथा दफा ८(२)(छ) बमोजिम सम्बन्धित कर्मचारीको रोजगारी आयमा समावेश गरी कर कट्टी गर्नुपर्ने भनी अग्रिम कर माग गरेको देखियो।करदाताले आयकर ऐन,२०५८ को दफा २७ को उपदफा (१) को खण्ड (घ) बमोजिम कर्मचारीहरूलाई उपलब्ध गराएको सहुलियत कर्जा सापटीमा प्रचलित व्याजदर भन्दा सहुलियत दरमा कर्जा दिएको **Contg. Loan and Home loan** शिर्षक अन्तर्गतको रकम आयकर ऐन, २०५८ को दफा ८(२)(ज) बमोजिम करदाताले उक्त रकम सम्बन्धित कर्मचारीको आयमा समावेश गरी सोही ऐनको दफा ८७(१) बमोजिम अग्रिम कर कट्टी गर्नुपर्नेमा सो बमोजिम नभएकोले कर्मचारीलाई सामान्य प्रचलित व्याजदर भन्दा सहुलियत दरमा कर्जा प्रवाह गरेको देखियो। बैंकका कर्मचारीले **Home Loan** ३.५ प्रतिशतमा सहुलियत व्याजदरमा बैंकबाट प्राप्त गरेकोमा वैंकले औषत ८.५७ प्रतिशतलाई आधार व्याजदर कायम गरी फरक व्याजदर कायम गरी फरक व्याजदरले हुने रकम रू.३,२६,३४,५८०।९८ तथा **Contg. Loan** ४ प्रतिशतमा सहुलियत व्याजदरमा वैंकबाट प्राप्त गरेकोमा बैंकले औषत ८.३९ प्रतिशतलाई आधार व्याजदर कायम गरी फरक व्याज दरले हुने रकम रू.२५,७२,२७१।११ गरी कुल रू.३,५२,०६,८५२।०९ कर्मचारीको रोजगारी आयमा समावेश गरी अग्रिम कर दाखिला गर्नुपर्ने निर्णय गरेको पाईयो। आयकर ऐन,२०५८ को दफा २७(१)मा **"कुनै भुक्तानीलाई देहाएको रकम बराबरमा परिमाणीकरण गर्नु पर्नेछ"** भन्ने उल्लेख गर्दै सोही दफाको उपदफा (१)(घ) मा **"कुनै आय वर्षमा भुक्तानी प्राप्त गर्नु पर्ने कुनै व्यक्तिले ऋण बापत तिरेको व्याजदर अनुसार तिर्नु पर्ने व्याज रकमभन्दा कम भएमा सो कम भए जति रकम,"** भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ। उक्त कानुनी व्यवस्था अनुसार करदाताले वैकको लगानीको आधार औषत ब्याजदर ९.९९ प्रतिशत देखिएकोले **Home Loan** मा फरक औषत व्याजदर १.४२ प्रतिशत र **Contg. Loan** मा फरक औषत व्याजदर १.६० प्रतिशतले हुने रकम आयकर ऐन, २०५८ को दफा २७ को उपदफा (१) को खण्ड (घ) बमोजिम परिमाणीकरण गरी सम्बन्धित कर्मचारीहरूको पारिश्रमिक आयमा समावेश गरी पारिश्रमिक कर कट्टा गर्नु पर्नेमा सो नगरी करदाताले आय विवरण पेश गरेको देखियो। यस्तो अवस्थामा पारिश्रमिक आयमा समावेश हुन छुट भएको फरक व्याज **Home Loan** मा रू. ९१,७८,१७५।४० तथा **Contg. Loan** मा रू.

९,३७,५६१।०३ गरी कुल रकम रू.१,०१,१५,७३६।४३ लाई आयकर ऐन,२०५८ को दफा ८(२)(छ) बमोजिम सम्बन्धित कर्मचारीको आयमा समावेश गरी सोही ऐनको दफा ८७(१) बमोजिम दाखिला गर्न बाँकी अग्रिम कर रू.२६,०५,३९५।- र सोको व्याज दाखिल गर्नुपर्ने गरी भएको ठूला करदाता कार्यालयको निर्णय एवं सोही निर्णय सदर गर्नेगरी भएको हदसम्मको आन्तरिक राजस्व विभागका महानिर्देशकको निर्णय न्यायोचित नै देखियो।

२१. पुनरावेदक करदाताले अग्रिम करमा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क लगाएको मिलेन भनी लिएको अन्तिम पुनरावेदन जिकीर सम्बन्धमा हेर्दा, आयकर ऐन, २०५८ को दफा १२० मा "**झुठ्ठा वा भ्रमपूर्ण विवरण दाखिला गर्नेलाई शुल्क लाग्नेः कुनै व्यक्तिले कुनै कुराका सम्बन्धमा विभागमा झुठ्ठा वा भ्रमपूर्ण विवरण दिएमा वा दाखिला गर्नुपर्ने कुनै कुरा वा वस्तुको जानकारी नदिई वा सो विवरणबाट उल्लिखित जानकारी भ्रमपूर्ण हुन गएमा त्यस्तो व्यक्तिलाई देहाय बमोजिम शुल्क लाग्नेछ**"भन्ने कानुनी व्यवस्था गर्दै खण्ड (क) मा "**जानीजानी वा लापरवाहीपूर्वक गरेको नभई भूलवश झुठ्ठा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको पचास प्रतिशत**" भन्ने कानुनी व्यवस्था गरिएको पाईयो। यो व्यवस्था करदाताले झुठ्ठा वा भ्रमपूर्ण विवरण दाखिला गरेको प्रष्ट भएमा त्यस वापत जरिवाना सरह लाग्ने शुल्क देखिन्छ। आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) मा "तथा अग्रिम कर कट्टी गर्नुपर्ने भुक्तानीमा कर कट्टी नगरेकोमा दफा १२० वमोजिमको शुल्क समेत" भन्ने अंश आर्थिक ऐन, २०७७ बाट मात्र थप भएको देखिन आयो। यसरी अग्रिम कर कट्टी गर्ने भुक्तानीमा दफा १२० को शुल्क लाग्ने कानुनी व्यवस्था हुनु भन्दा अघिको आ.व. २०६९/०७० को हकमा मिति २०७४।०३।२९ मा अग्रिम कर माग गर्दा दफा १२०(क) को शुल्क समेत गणना गरी कर निर्धारण गरेको आदेशमा कानुनको पश्चातदर्शी असर (**Retrospective Effect**) पर्ने गरी प्रयोग गरेको त्रुटी समेत विद्यमान देखिँदा सोहदसम्म उक्त निर्णय न्यायोचित देखिएन।

२२. तसर्थ, माथि उल्लिखित आधार कारणबाट करदाता हिमालयन बैंक लिमिटेड (स्थायी लेखा नं. ५०००८७१५८) को आ.व. २०६९/०७० को आयकर ऐन, २०५८ को दफा ९०(८) वमोजिम ठूला करदाता कार्यालयबाट मिति २०७४।०३।२९ मा अग्रिम कर माग गर्ने निर्णय गर्दा कर्मचारीको पोशाक भत्ता वापतको रकममा अग्रिम कर माग गरेको र आयकर ऐन, २०५८ को दफा १२०(क) वमोजिम शुल्क लगाएको हदसम्म उक्त निर्णय र सोही निर्णय सदर हुने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०५।२८ मा भएको निर्णय समेत सो

हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ठहर्छ। अन्य शिर्षकको हकमा करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

<u>तपसिल खण्ड</u>

१. माथि ठहर खण्डमा लेखिए वमोजिम पुनरावेदक करदाता हिमालयन बैंक लि. (स्थायी लेखा नं. ५०००८७१५८) को आ.व. २०६९/०७० को अग्रिम कर तर्फ कर्मचारीको पोशाक खर्चमा अग्रिम कर माग गरेको र आयकर ऐन, २०५८ को दफा १२० को खण्ड (क) बमोजिम शुल्क लगाएको हदसम्म ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७४।०३।२९ मा भएको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०५।२८ मा गरेको निर्णय सो हदसम्म उल्टी हुने ठहरी फैसला भएकोले कर्मचारीको पोशाक खर्चमा करदाताले निर्धारित कर, व्याज, शुल्क र अन्य शिर्षकहरूमा दफा १२० को खण्ड (क) बमोजिमको शुल्क वुझाउनु नपर्ने हुँदा सो वापतको रकम हिसाव गरी करदाताको अर्को आ.व. को हिसावमा मिलान गरिदिनु भनी शुरु ठूला करदाता कार्यालयमा लेखी पठाइदिनू।

२. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनू।

३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

४. फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाईदिनू।

५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरू मिसिल ठूला करदाता कार्यालय पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

गोविन्दप्रसाद अधिकारी
(राजस्व सदस्य)

<u>लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईंको फरक राय</u>

१. ठूला करदाता कार्यालय ललितपुरका प्रमुख कर प्रशासक श्री बलराम रिज्यालबाट भएको मिति २०७४।०३।२९ को निर्णय र प्रशासकीय पुनरावलोकनका लागि मिति २०७४।०५।०५ मा दिएको निवेदन उपर आन्तरिक राजश्व विभागका महानिर्देशक श्री विष्णु प्रसाद नेपालबाट मिति २०७५।०५।२८ मा भएको निर्णय उपर चित्त नबुझि आयकर ऐन ,२०५८ को दफा ११६ तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दा ऐ. ऐनको दफा ९ को उपदफा (१) बमोजिम निर्धारित (विवादित) कर रु.१,००,५२,५८८।- को पचास प्रतिशतले हुने रु.५०,२६,२९४।- पुनरावेदन धरौटी दाखिला भए/नभएको तथा पुनरावेदन पत्रमा विवादित कर उल्लेख गरे/नगरेको धरौटी रकम पुगे/नपुगेको यकिन समेत नगरी स्रेस्तेदारबाट स्वीकृत भई मिति २०७५।०९।१५ मा पुनरावेदन दर्ता गरेको देखियो।

२. राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा २, ३, ५, ६, ९ र १४ मा क्रमशः परिभाषा, स्थापना र गठन, अधिकारक्षेत्रको प्रयोग, अधिकारक्षेत्र, पुनरावेदन सम्बन्धमा धरौट राख्ने र म्याद र न्यायाधिकरणमा पुनरावेदन लाग्ने मुद्दाहरुको शुरु कारवाही र किनारा गर्ने अड्डा वा अधिकारीलाई पक्ष र साक्षी झिकाउने, बयान लिने, प्रमाण बुझ्ने, कागजपत्र दाखिल गराउने र दण्ड सजाय गर्ने समेत प्रचलित नेपाल कानुन बमोजिम अदालतलाई भए सरहको अधिकार हुने कानुनी व्यवस्था गरेको छ। साथै यो ऐनको प्रभावकारी कार्यान्वयन गर्न र ऐनको उद्देश्य पूर्ति गर्नको लागि नेपाल सरकारले नियम बनाउन सक्ने व्यवस्था दफा १५ मा गरिएको छ।४८ वर्ष पहिले विक्रम सम्बत २०३१ सालमा बनेको ऐनमा भएको व्यवस्था कार्यान्वयन गर्न नियम नबनाइनु ऐनमा भएका उल्लिखित दफाहरुमा न्यायाधिकरणको काम, कर्तव्य, विधि र प्रकृया स्पष्ट भएर नै हो भन्ने बुझ्नु पर्ने भयो। न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्दा र दर्ता भएका मुद्दाहरुको सुनुवाई गर्नु भन्दा पहिले प्रारम्भिक चरण मै दफा ६ बमोजिमको न्यायाधिकरणको अधिकार क्षेत्र र दफा ९ बमोजिमको पुनरावेदन दर्ता गर्न दाखिल गर्नु पर्ने धरौट र पुनरावेदनको म्याद ऐनमा भएको व्यवस्था अनुसार भए नभएको यकिन गर्नु पर्ने देखियो। करदाता पुनरावेदकले पुनरावेदन पत्रमा न्याय निरोपणका लागि दावी गरेका, प्रत्यर्थीले भन्सार महशुल र कर निर्धारण गर्दा भए/गरेका कानुनी त्रुटीहरुको सुनुवाई गर्न मुद्दाको प्रत्यर्थी नेपाल सरकारलाई स्वच्छ सुनुवाइका लागि जानकारी दिई झिकाउनु पर्ने प्रचलित कानुनमा व्यवस्था गरिएको छ। न्यायाधिकरण प्रशासनले पुनरावेदन दर्ता गर्दा यस ऐन बमोजिम पुऱ्याउनु पर्ने रित र पुनरावेदकले पुनरावेदन पत्र साथ पेश गर्नु पर्ने पुनरावेदन धरौटी, म्याद भए रहेको प्रमाण र नेपाल सरकारले तोकेको भौगोलिक क्षेत्र भित्रको भए नभएको सम्बन्धमा न्यायाधिकरणले मिसिलको प्रारम्भिक अध्ययन गरी यकिन गर्नु पर्ने देखियो। प्रचलित ऐन नियममा तोकिएका सबै विधि र रित पुऱ्याई दर्ता भए/नभएको

सम्बन्धमा यकिन गर्नु पर्ने समग्र न्यायाधिकरणको जिम्मेवारी हुने देखिन्छ। ऐनको दफा ९ बमोजिमको धरौटी भए/नभएको यकिन गर्ने काम राजस्व तथा लेखा सदस्यले गर्नु पदीय विज्ञता र अनुभवका आधारमा गर्नु पर्ने देखिन्छ। यस सम्बन्धमा लेखा सदस्य र निमित्त अध्यक्षको हैसियत राजस्व न्यायाधिकरण काठमाण्डौको क्रमशः चलानी नं. १५६६ मिति २०७७।१२।१३ को पत्र र चलानी नं. मुद्दाफाँट५९ मिति २०७८।११।१३ को पत्रबाट न्यायाधिकरण प्रशासनलाई धरौटी गणना तथा धरौटीको प्रमाण मिसिल संलग्न गर्न गराउन लिखित निर्देशन दिई सम्मानीत सर्वोच्च अदालत, सार्वजनिक लेखा समिति, सम्मानीय प्रधानन्यायाधीशज्यू, न्याय परिषद्, न्याय सेवा आयोग, महालेखा परीक्षक र अर्थ मन्त्रालय समेत निकायमा वोधार्थ दिएको उक्त पत्रहरुमा उल्लेख गरी तोकिएका कामहरु भएको मिसिल अध्ययन गर्दा देखिएन। प्रचलित कानुनले तोके बमोजिमका सबै विधि र प्रकृया सम्पन्न भएको यकिन गरेर मात्र अन्तिम सुनुवाइ गरी फैसला गरिने र प्रकृयागत त्रुटी भएको देखिएमा विषय विज्ञको राय बमोजिम निर्णय गर्नु उचित हुने व्यहोरा तथा राजस्व, धरौटी, विनियोजन, कोष, आय, व्यय, डेविट, क्रेडिट, वासलात, नाफा/नोक्सान खाता सर्वसञ्चित कोषमा दाखिला हुने रकम, धरौटी खातामा दाखिला गर्नु पर्ने रकम आदि विषयका सम्बन्धमा लेखा सदस्यले प्रचलित कानुनमा भएको व्यवस्था सहित निर्णयमा पुग्नू अघि आफ्नो राय लिखित रुपमा उल्लेख गर्नु ऐनको दफा ३ को उपदफा (३) को देहाय (क) मा रहेको पद नामको कर्तव्य भित्र पर्ने व्यहोरा समेत फैसलाको तथ्य खण्ड मै उल्लेख गर्नु पर्ने देखियो।

३. यसै गरी राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी दाखिला नगरी पुनरावेदन दर्ता भएका मुद्दाहरुको फैसला भएमा ऐ. ऐनको दफा ८ अनुसार सर्वोच्च अदालतमा पुनरावेदन दिन पाउने हक अधिकारबाट करदाता पुनरावेदक बञ्चित भई फैसलामा “अधिकारक्षेत्रको प्रश्न बुझ्नु पर्ने प्रमाण नबेझेको वा बुझ्नु नहुने प्रमाण बुझेको वा बाध्यात्मक रुपमा पालन गर्नु पर्ने कार्यविधिसम्बन्धी कानुनको उल्लंघन भएको प्रश्न र गम्भीर कानुनी त्रुटी सम्बन्धी प्रश्न” उठि प्रत्यक्ष कानुनी त्रुटी भई न्यायाधिकरणको निर्णय पूर्ण वा आंशिक रुपमा उल्टिने देखी सर्वोच्च अदातलले आफू समक्ष पुनरावेदन गर्न अनुमति दिएकोमा न्यायाधिकरणको फैसला वा अन्तिम आदेश उपर दफा ९ बमोजिमको धरौटी नराखी वा तोकिए बमोजिमको सम्पूर्ण रकम धरौटी खातामा रकम दाखिला नगरी पुनरावेदन दर्ता गर्दा वा दर्ता भएको पुनरावेदन उपर फैसला हुँदा कार्यविधि सम्बन्धी वाध्यकारी कानुनी व्यवस्थाको उल्लंघन हुनगई सर्वोच्च अदालतमा पुनरावेदन लागि करदाताको हितमा प्रतिकुल असर पर्ने समेत देखिएकोले पछि पुष्टी हुने मिसिल संलग्न तथ्य, कानुनी व्यवस्था र सर्बोच्च अदालतबाट भन्सार विभाग तथा आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकका लागि दाखिला गर्नु पर्ने भन्सार महशुल बापतको

रकम र राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्न राख्नु पर्ने धरौटी रकम सम्बन्धमा भएको विवादमा भएका पूर्व फैसला, आदेश र निर्णय समेत हेरी निम्न बमोजिम विषयमा यकिन गरेर मात्र निर्णयमा पुग्नु पर्ने देखियो।

क) राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम न्यायाधिकरणको अधिकार क्षेत्र भित्र परेको प्रस्तुत पुनरावेदन दर्ता गर्दा दाखिल गर्नु पर्ने दफा ९ को उपदफा (१) बमोजिमको धरौटी दाखिल भएको छ ? छैन ?

ख) ऐ. दफाको उपदफा (१) बमोजिम अग्रिमकर तर्फको पुनरावेदन दर्ताका लागि तोकिएको देहायको खण्ड (क) बमोजिम धरौटी नराखी दर्ता भएको पुनरावेदनको तथ्य भित्र प्रवेश गरी निर्णय गर्नुको औचित्य हुने ? नहुने ? सम्बन्धमा निर्णय गरी फैसला गर्नु पर्ने देखिन आयो।

४. प्रस्तुत मुद्दाको पुनरावेदन दर्ता गर्दाका वखत राख्नु पर्ने धरौटी दाखिला भएको नदेखिएको सन्दर्भमा पुनरावेदक तथा प्रत्यर्थी तर्फका विद्वानलाई म लेखा सदस्यबाट धरौटी रकम दाखिला भएको देखिएन भनि प्रष्ट पार्न अनुरोध गर्दा पुनरावेदकको तर्फका विद्वान अधिवक्ता श्री सुरज श्रेष्ठबाट निर्धारित करको तोकिए अनुसारको धरौटी अग्रिम दाखिला भएकोले सोको आधारमा राजस्व न्यायाधिकरणले पुनरावेदन दर्ता गरेको हो भन्ने बहस र प्रत्यर्थी तर्फका विद्वान सहायक न्यायाधिवक्ता श्री विमला गौतमबाट राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने विवादित कर रकमको पचास प्रतिशतले हुने धरौटी दाखिला भएको पाइएन। सो सम्वन्धमा सम्मानित इजलासबाट यकिन गरी नियमानुसार हुने नै छ भन्ने बहस समेत सुनियो।

५. करदाता पुनरावेदकले पुनरावेदन पत्र दर्ता गर्दा पेश गरेका मिसिल सम्लग्न कागजात तथा कर निर्धारणको फोटोकपी पत्र र अप्रमाणित फोटोकपी भौचरहरु हेर्दा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम धरौटी नराखि पुनरावेदन दर्तै नलाग्ने प्रस्तुत पुनरावेदन दर्ता भएको हो होइन यकिन गर्न मिसल सम्लग्न प्रमाण कागजातको थप अध्ययन गर्नु पर्ने देखियो।

६. मिसिल सम्लग्न प्रचलित कानुन अनुसार पुनरावेदन पत्र साथ पेश गर्नु पर्ने प्रमाण कागजातको अध्ययन गर्दा पुनरावेदक हिमालयन बैंक लिमिटेड (स्थायी लेखा नं.५०००८७१५८) को अग्रिम कर (२०६९/०७०) तर्फको मुद्दामा आयकर ऐन,२०५८ दफा ९० र ११५ र दफा ११६ तथा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) खण्ड (क) मा भएको व्यवस्था अनुसार पुनरावलोकनका लागि निवेदन दिँदा र पुनरावेदन पत्र दर्तागर्दा दाखिल गर्नु पर्ने राजस्व तथा धरौटी सम्बन्धमा प्रचलित ऐन तथा नियमहरुमा भएको व्यवस्था सम्बन्धमा सर्वोच्च अदालतबाट २०६३-WS-००१३ देखि २०६३-WS-००१७

समेतका रिट तथा ०७२-RB-०४७० आयकर मुद्दामा भएको व्याख्या, विश्लेषण र प्रतिपादित सिद्धान्त अनुसार समेत राख्नु पर्ने ठहरिएको च.नं. ५७६ मिति २०७४।०३।२९ को पत्रानुसार निर्धारित (विवादित) कर रु.१,००,५२,५८८।- को क्रमशः राजस्व एक तिहाइ र धरौटी ५० प्रतिशत समेत रु.८३,७७,१५६।६७ दाखिला प्रमाण मिसिल संलग्न गरेको देखिएन। प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएको मिति २०७४।०५।०५ पश्चात राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) अनुसार पचास प्रतिशतले हुने धरौटी रु.५०,२६,२९४।- धरौटी राख्नु पर्नेमा मिति २०७९।०४।१४ मा पुनरावेदकलाई लगाउका मुद्दामा भएको आदेश बमोजिम पनि दाखिला नगरेको र भौचर नं.०६३५८१३५८ मिति २०७५।०९।११ राजस्व शिर्षिक नं.११११२२ (निकायको मुनाफामा लाग्ने कर -पव्लिक लिमिटेड कम्पनी) वाट सर्वसञ्चित कोषमा दाखिला भएको पुनरावेदकले धरौटी भनेको रु.१६,८०,०००।- लाई गणना गर्दा पनि रु.३३,४६,२९४।- धरौटी अपुग देखिएको छ।

७. राजस्व न्यायाधिकरणमा करदाताले पुनरावेदन दर्ता गर्न दाखिला गर्नु पर्ने रकम सम्बन्धमा प्रचलित ऐन तथा नियमहरुमा भएको व्यवस्था अनुसार प्रशासकीय पुनरावलोकनका लागि निवेदन दर्ता गर्दा दाखिला गर्नु पर्ने राजस्व (कर) रकम र राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी कर निर्धारण गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा अनिवार्य रुपमा राख्नु पर्ने र धरौटी नराखी पुनरावेदन लाग्ने छैन भनि राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा स्पष्ट उल्लेख छ। प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिनु अघि राजस्व शिर्षक मार्फत संघीय सर्वसञ्चित कोषमा दाखिला भई रोक्का समेत नराखेको रकमलाई धरौटीको रुपमा गणना गर्नुलाई प्रचलित कानुनको पालना भएको मान्न सकिएन। राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्दा राख्नै पर्ने धरौटी कर कार्यालयले सम्बन्धित करदाताको तिर्नु पर्ने कर दायित्वमा स्वतः प्रणाली (System) ले मिलान गर्ने भएकोले राजस्व खातामा दाखिला भएको त्यस्तो रकमलाई धरौटीको रुपमा गणना गर्दा एउटै रकमको दोहोरो गणना हुने हुन्छ। राजस्व खातामा दाखिला भएको रकम रोक्का राख्ने स्वफ्टवेयर प्रणाली आन्तरिक राजस्व विभाग/कार्यालयमा नभएको र राजस्वको फोटोकपी अप्रमाणित भौचर पेश गरेको अवस्थामा त्यस्तो भौचर तथा पत्रमा उल्लेख गरेको रकमलाई धरौटी हो भनि पुनरावेदन दर्ता गर्दा दाखिला गर्नु पर्ने धरौटी हो भनि गणना गर्न मिल्ने देखिएन। अतः धरौटी सम्बन्धी विवादमा सर्वोच्च अदालतबाट संवैधानिक परीक्षण भई जारी भएका निम्न उत्प्रेषण आदेश, प्रतिपादित नजिर तथा सिद्धान्त समेतको विश्लेषण गरी संक्षिप्त तथ्य सहित प्रस्तुत मुद्दाको ठहर यस प्रकार रहेको छः-

८. आयकर ऐन, २०५८ बमोजिम शुरु कार्यालयबाट निर्धारित (विवादित) कर रकमको पचास प्रतिशतले हुने रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा धरौटी नराखी पुनरावेदन लाग्ने छैन भन्ने व्यहोरा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को (क) मा स्पष्टसँग उल्लेख छ। ऐनको सो व्यवस्था बमोजिम पुनरावेदन पत्र दर्ता गर्न राख्नु पर्ने धरौटी आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६२, हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६३ बमोजिमको धरौटी खातामा दाखिला गरी पुनरावेदन दर्ता गर्दाका बखत राखिएको धरौटीको गोश्वारा र व्यक्तिगत धरौटी खातामा अभिलेखाङ्कन गरी अद्यावधिक गरी राख्नु पर्ने हुन्छ। आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६३ हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६२ को देहाय खण्ड (क) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व अग्रिम रुपमा बुझाउन र खण्ड (ख) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व कति बुझाउनु पर्ने भन्ने निर्णय नहुँदै त्यस्तो राजस्व रकम अग्रिम रुपमा बुझाउनु परेमा धरौटीको रुपमा राख्नु पर्ने उल्लेख छ।

९. राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा उल्लेख भए अनुसार पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी रकम सन्दर्भमा सम्मानित सर्वोच्च अदालतमा सूर्य टोवाको कम्पनी प्रा.लि. को तर्फबाट सञ्चालक हर्ष एम दर र ऐ. कम्पनीको शेयरवाला शशीराज पाण्डे समेत विरुद्ध राजस्व न्यायाधिकरण काठमाण्डौ समेत भएको राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को खण्ड (ख) को व्यवस्था संविधानको धारा ७३ समेत सँग बाझिएकोले धारा ८८ को उपधारा (१) अनुसार अमान्य र बदर घोषित गरिपाउन भनी दिएको रिट नं. २०६३-WS-००१३, २०६३-WS-००१४, २०६३-WS-००१५, २०६३-WS-००१६ र २०६३-WS-००१७ समेतका रिट निवेदनम "राजस्व न्यायाधिकरणका श्रेस्तेदारको मिति २०६४।१२।८ को दरपीठ आदेश र उक्त दरपीठ सदर गरेको राजस्व न्यायाधिकरणको आदेश बदर गरी विना धरौटी पुनरावेदन पत्र लिई कानुन बमोजिम निर्णय गर्नु भन्ने राजस्व न्यायाधिकरणका नाउँमा परमादेश जारी गरी पाऊँ, अन्तःशुल्क ऐन,२०५८ को दफा २३ मा महानिर्देशकको निर्णय उपर पुनरावेदन गर्दा धरौटी राख्नु पर्ने कुनै कानुनी व्यवस्था नगरिएको तथा ऐनको दफा २४ ले यस ऐनलाई अन्य कानुन भन्दा माथिल्लो स्तरमा राखेकोले ऐनको सर्वोच्चताका आधारमा पनि धरौटी राख्नु पर्ने राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) खण्ड (ख) को व्यवस्था संविधानको धारा ७३ समेतसँग बाझिएकोले धारा ८८ को उपधारा (१) अनुसार अमान्य र बदर घोषित गरी प्रस्तुत निवेदनलाई अग्राधिकारमा पेशी चढाई पाउँ" भन्ने दावी रहेकोमा सो दावीका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०६६।१२।१९ मा "संविधानमा रहेको 'कानुन बमोजिम

बाहेक कर लगाउन वा ऋण लिन नपाइने' भन्ने वाक्यांशसँग बाझिएको भन्ने देखिन आएन, अमान्य र बदर घोषित गरी पाउँ भनी दावी लिएको राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को व्यवस्था संविधानको कुनै पनि प्रावधानसँग बाझिएको नदेखिंदा सो हदसम्म प्रस्तुत निवेदन खारेज हुन्छ" भन्ने आदेश भई रिट निवेदन खारेज भई ऐनको दफा ९ को कानुनी व्यवस्थाको संवैधानिक परीक्षण समेत भएको छ।

१०. यसै गरी राजस्व न्यायाधिकरण काठमाण्डौमा पुनरावेदन दर्ता नं ०७५-RB-०२३० आयकर (२०७०/०७१) दर्ता भएको आयकर ऐन,२०५८ को दफा १०१ को उपदफा (१) बमोजिम लक्ष्मी स्टिल्स प्रा.लि. को संशोधित कर निर्धारण भई थप कर निर्धारण भएकोमा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी राखी पुनरावेदन गर्नु पर्नेमा मिसिलमा संलग्न दाखिला भौचर तथा आयकर ऐन,२०५८ को दफा १०२ बमोजिमको सूचना पत्र समेतका विवरणहरुका आधारमा रु.५१,७८,७४६।७० नपुग भएको देखिएको धरौटी रकम १५ दिन भित्र जम्मा गर्न लगाई आदेश बमोजिमको काम सम्पन्न भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्ने भन्ने यसै न्यायाधीकरणबाट आदेश भएको छ। सो आदेश उपर लक्ष्मी स्टिल्स प्रा.लि.ले सर्वोच्च अदालतमा दायर रिट नं. ०७७-WO-००४२ को निवेदन उपर मिति २०७७।४।१६ मा सर्वोच्च अदालतबाट जारी भएको उत्प्रेषण आदेश अनुसार सो मुद्दाको हकमा आयकर ऐन,२०५८ बमोजिम अनिवार्य रुपमा दाखिला गर्नु पर्ने ऐ ऐनको दफा ९४, ९९, १००, १०१ र दफा ११५ को उपदफा (६) मा तोकिए अनुसार समेत कर राजस्व खातामा दाखिला गरी आय विवरणसाथ दाखिला भएको देखिएको रु.७६,३५,६१४।– भएको सन्दर्भमा हेर्दा मिति २०७६।११।१२ को *(शुल्क र व्याजलाई जरिवाना मानी सो रकमको राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को खण्ड (क) बमोजिम शतप्रतिशत धरौटी माग गर्दा पचास प्रतिशत मात्र धरौटी राख्न पाउनु पर्ने भनी भएको विवाद)* विवादित आदेशको यथावत कार्यान्वयन भएमा निवेदकलाई अपूरणीय क्षति पुग्न जाने देखिएकोले उक्त विवादको निरोपण नहुँदासम्म राजस्व न्यायाधिकरणमा परेको पुनरावेदन सम्बन्धी काम कारवाही नरोक्नु, पुनरावेदन दर्ता र सुनुवाई प्रकृया अगाडि वढाउनु भन्ने उक्त निवेदन उपर सम्मानित सर्वोच्च अदालतबाट उत्प्रेषण आदेश भएको छ।

११. सर्वोच्च अदालतबाटै ०७२-RB-०४७० आयकर (२०६१/०६२) पुनरावेदक ठूला करदाता कार्यालय प्रत्यर्थी सूर्य नेपाल प्रा.लि. विरुद्धको मुद्दामा मिति २०७४।१०।२९ गते भएको फैसला अनुसार "राजस्व न्यायाधिकरणले गरेको आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (६) बमोजिमको प्रक्रिया पुरा गर्नु नपर्ने भनी गरेको व्याख्या कार्यविधि कानुनको सिद्धान्त विपरीत हुन्छ।कारवाही हुँदाका बखत कार्यान्वयनमा नै नरहेको कानुनी व्यवस्था आकर्षित हुने भनी राजस्व

न्यायाधिकरण, काठमाण्डौबाट भएको फैसलालाई न्यायोचित भन्न मिलेन। अतः विवेचित तथ्य सिध्दान्त एवं प्रमाणको आधारमा आयकर ऐन, २०५८ को दफा ११५ उपदफा (६) को व्यवस्था आर्थिक अध्यादेश २०६१/०६२ बाट खारेज भई धरौटी राख्ने व्यवस्था नगरेकोले आन्तरिक राजस्व विभागको निर्णय बदर गरी अब जो जे बुझ्नु पर्छ बुझी पुनः यकिन निर्णय गर्नु भनी राजस्व न्यायाधिकरण, काठमाण्डौबाट भएको फैसलालाई कानुनसम्मत मान्न मिलेन। उक्त फैसला बदर भई उल्टी हुने ठहर्छ" भनिएको छ।

१२. प्रचलित आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र भन्सार ऐनहरुमा तत् तत् आर्थिक वर्षका लागि विधायीकावाट जारी भएकन आर्थिक ऐनद्वारा भएको संशोधन र सम्मानित सर्वोच्च अदालतका उल्लिखित फैसला अनुसार नै पुनरावलोकनका लागि निवेदन दिँदा र पुनरावेदन दर्ता गर्दा मूल्य अभिवृद्धि कर/आयकर तर्फको निर्धारित (विवादित) करको लागि पुनरावेदन पत्र आर्थिक वर्ष २०७५/०७६ सम्म क्रमशः विवादित रकमको ३३ प्रतिशत राजस्व र ५० प्रतिशत धरौटी गरी ८३ प्रतिशत रकम दाखिला गर्नु पर्ने, आर्थिक वर्ष २०७६/०७७ देखि आर्थिक वर्ष २०७८/०७९ सम्म विवादित रकमको २५ प्रतिशत राजस्व र ५० प्रतिशत धरौटी गरी ७५ प्रतिशत रकम दाखिला गर्नु पर्ने, र आर्थिक वर्ष २०७९/०८० देखि विवादित रकमको २५ प्रतिशत राजस्व र २५ प्रतिशत धरौटी गरी ५० प्रतिशत रकम धरौटी बापत दाखिला भएको प्रमाणित भौचर पुनरावेदन पत्र साथ संलग्न गरी पुनरावेदन दर्ता गर्नु पर्ने उल्लेख छ। साथै भन्सार तथा अन्तःशुल्क तर्फ भने निर्धारित (विवादित) अन्तःशुल्क तथा भन्सार महशुल रकमको शत प्रतिशतले हुने रकम सम्बन्धित कर निर्धारण गर्ने अधिकृतले तोके बमोजिम धरौटी दाखिला गरी सोको प्रमाणित भौचर संलग्न गराएर मात्र पुनरावेदन पत्र दर्ता गर्नु पर्ने उल्लेखछ।प्रस्तुत मुद्दाको मिसिल सम्लग्न गरेका प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिने क्रममा र सो पश्चात संघीय सर्वसञ्चित कोषमा दाखिला गरेको पुनरावेदकले धरौटी भनेको राजस्व खातामा दाखिला भएका अप्रमाणित फोटोकपी भौचरहरुमा उल्लेख भएअनुसारको रकमलाई समेत गणना गर्दा पनि पुनरावेदन दर्ता गर्दा प्रचलित ऐन अनुसार अनिवार्यरुपमा राख्नु पर्ने रु.५०,२६,२९४।- धरौटी नपुग भएको अवस्थामा पनि पुनरावेदन दर्ता गरेको पाइयो।

१३. सर्वोच्च अदालतको मिति २०६६।१२।१९ को आदेशबाट समेत संवैधानिक परीक्षण भई सदर ठहरिएको राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) "प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत न्यायाधिकरणमा वा उच्च अदालतमा पुनरावेदन गर्दाका देहायबमोजिम धरौट नराखी पुनरावेदन लाग्ने छैन" भन्ने व्यवस्था रही ऐ. को खण्ड (क) मा आयकर तर्फ राख्नु पर्ने विवादरहित कर बाहेकको निर्धारित (विवादित) कर रु.१,००,५२,५८८।- को

क्रमशः राजस्व एक तिहाइ र धरौटी ५० प्रतिशत समेत रु.८३,७७,१५६।६७ दाखिला प्रमाण मिसिल संलग्न गरेको देखिएन। प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएको मिति २०७४।०५।०५ पश्चात राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) अनुसार पचास प्रतिशतले हुने धरौटी रु.५०,२६,२९४।- धरौटी राख्नु पर्नेमा मिति २०७९।०४।१४ मा पुनरावेदकलाई लगाउका मुद्दामा भएको आदेश बमोजिम पनि दाखिला नगरेको र भौचर नं.०६३५८१३५८ मिति २०७५।०९।११ राजस्व शिर्षिक नं.११११२२ (निकायको मुनाफामा लाग्ने कर -पव्लिक लिमिटेड कम्पनी) वाट सर्वसञ्चित कोषमा दाखिला भएको पुनरावेदकले धरौटी भनेको रु.१६,८०,०००।- लाई गणना गर्दा पनि रु.३३,४६,२९४।- अपुग पुनरावेदन धरौटी दाखिलाको सक्कल बैंक भौचर वा निस्सा १५ दिनभित्र पुनरावेदकलाई दाखिला गर्न लगाई सो आदेश बमोजिमको काम सम्पन्न भएपछि वा सो अवधि नाघेपछि नियमानुसार पेश गर्ने आदेश गर्नु उपयुक्त हुने राय म लेखा सदस्यबाट राख्दा समेत मेरो उक्त रायमा असहमति जनाउँदै सहकर्मीद्वय कानुन सदस्य र राजस्व सदस्यबाट फैसला गर्ने निर्णय भएकोमा उक्त दफा ९ को उपदफा (१) बमोजिम हुने रु.५०,२६,२९४।- धरौटी नराखी पुनरावेदन दर्तै नलाग्ने पुनरावेदन दर्ता भएको देखिएको प्रस्तुत मुद्दाको तथ्य भित्र प्रवेश गरी भएको फैसला तथा ठहरमा सहमत हुन सकिएन।

१४. उल्लिखित कानुनी व्यवस्था र पुनरावेदनमा भएका तथ्यहरु समेतको आधारमा निर्णय तर्फ विचार गर्दा सहकर्मीद्वय कानुन तथा राजस्व सदस्यले प्रस्तुत मुद्दामा करदाताले राख्नुपर्ने धरौटी रकमको सम्बन्धमा फरक राय प्रकट गर्नु भएकोले पुनरावेदक करदाताले यस न्यायाधिकरणमा यो पुनरावेदन दर्ता गर्दा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१) को परिपालना गरेको देखिन्छ वा देखिदैन भन्ने प्रश्न तर्फ थप विचार गर्नु पर्ने देखियो। राजस्व न्यायाधिकरण ऐन, २०३१ कोदफा ९ को (१) मा "**प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन अन्तर्गत न्यायाधिकरणमा पुनरावेदन गर्दा देहाय बमोजिम धरौटी नराखी पुनरावेदन लाग्ने छैन भन्ने कानुनी व्यवस्था गर्दै खण्ड (क) मा कर निर्धारण भएकोमा निर्धारित करको पचासप्रतिशत रकम र जरिवाना भएकोमा जरिवानाको रकम र दुवै भएकोमा निर्धारित करको पचासप्रतिशत रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले नै तोकिदिएको कार्यालयमा**" भन्ने कानुनी व्यवस्था रहेको छ।प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिँदा र सो अघि ऐनको अनिवार्य व्यवस्था मूताविक दाखिला गर्नु पर्ने राजस्व शिर्षक मार्फत सर्वसञ्चित कोषमा दाखिला गरेको राजस्व रकम बाहेक पुनरावेदन दर्ता गर्न राख्नुपर्ने सो व्यवस्था अनुरुप धरौटी दाखिला गरेको प्रमाण मिसिल संलग्न गरेको पाइएन। गतविगत आर्थिक वर्षमा सर्बसञ्चित कोषमा दाखिला भएको कर राजस्व रकमलाई समेत धरौटीको रुपमा

गणना गरी पुनरावेदन दर्ता गर्न मिल्ने व्यवस्था प्रचलित कुनै पनि ऐन तथा नियममा भएको नपाइएको र पुनरावेदकले पुरा गर्नु पर्ने कार्यविधि कानुनको पालना नभएको प्रस्तुत पुनरावेदकको पुनरावेदन पत्रको तथ्य भित्र प्रवेश गरी फैसला गर्दा प्रत्यर्थीलाई अन्याय हुनुको साथै राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) मा भएको व्यवस्था विपरित हुने भएकोले बहुमतको उल्लिखित फैसलामा सहमत हुन सकिएन। अतः राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नुपर्ने धरौटी सम्बन्धमा आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६३ हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६२, सर्बोच्च अदालतबाट रिट नं. २०६३-WS-००१३ देखि रिट नं. २०६३-WS-००१७ समेतका रिट निवेदन र मुद्दा नं. ०७२-RB-०४७० आयकर (०६१/०६२) का फैसलामा भएको व्याख्या विश्लेषण र प्रतिपादित सिद्धान्त तथा ठहर समेत बमोजिम पनि अनिवार्यरुपमा राख्नु पर्ने धरौटी नराखी पुनरावेदन दर्तै नहुने पुनरावेदन दर्ता भएको मुद्दाको तथ्य भित्र प्रवेश गरी निर्णय गर्न नमिल्ने र औचित्य नै नहुने देखिएको प्रस्तुत मुद्दामा सहकर्मीद्वयबाट ***"करदाता हिमालयन बैंक लिमिटेड (स्थायी लेखा नं. ५०००८७१५८) को आ.व. २०६९/०७० को आयकर ऐन, २०५८ को दफा ९०(८) वमोजिम ठूला करदाता कार्यालयबाट मिति २०७४।०३।२९ मा अग्रिम कर माग गर्ने निर्णय कर्मचारीको पोशाक भत्ता वापतको रकममा अग्रिम कर माग गरेको र आयकर ऐन, २०५८ को दफा १२०(क) वमोजिम शुल्क लगाएको हदसम्म उक्त निर्णय र सोही निर्णय सदर हुने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०५।२८ मा भएको निर्णय समेत सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ठहर्छ। अन्य शिर्षकको हकमा करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन"*** भनि भएको बहुमत फैसलामा सहमत हुन नसकी देहाय बमोजिम फरक राय सहितको ठहर गर्दछुः-

१५. यसमा पुनरावेदक हिमालयन बैंक लिमिटेड (स्थायी लेखा नं.५०००८७१५८) को अग्रिमकर (२०६९/०७०) तर्फको मुद्दामा आयकर ऐन,२०५८ दफा ९० र ११५ र दफा ११६ तथा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) खण्ड (क) मा भएको व्यवस्था अनुसार पुनरावलोकनका लागि निवेदन दिँदा र पुनरावेदन पत्र दर्तागर्दा दाखिल गर्नु पर्ने राजस्व तथा धरौटी सम्बन्धमा प्रचलित ऐन तथा नियमहरुमा भएको व्यवस्था सम्बन्धमा सर्वोच्च अदालतबाट २०६३-WS-००१३ देखि २०६३-WS-००१७ समेतका रिट तथा ०७२-RB-०४७० आयकर मुद्दामा भएको व्याख्या, विश्लेषण र प्रतिपादित सिद्धान्त अनुसार समेत राख्नु पर्ने ठहरिएको च.नं. ५७६ मिति २०७४।०३।२९ को पत्रानुसार निर्धारित (विवादित) कर रु.१,००,५२,५८८।- को पचास प्रतिशतले हुने रु.५०,२६,२९४।- धरौटी दाखिल नगरी/नगराई दर्ता भएको प्रस्तुत पुनरावेदनको तथ्य भित्र प्रवेश गरी निर्णय

गर्न मिलेन। यस अवस्थामा माननीय अध्यक्ष तथा कानुन सदस्य र राजस्व सदस्यबाट प्रशासकीय पुनरावलोकनका लागि निवेदन दर्ता गरेको मिति २०७४।०५।०५ भन्दा अगाडि सर्वसञ्चितकोषमा दाखिला गरी आय विवरणमा समावेश गरेको अग्रिम दाखिला रकमलाई समेत गणना गरी प्रचलित ऐनहरु अनुसार दाखिला गर्नै पर्ने पचास प्रतिशत धरौटी दाखिला भएको छ भनि भएको बहुमतको फैसलामा सहमत हुन सकिएन। दफा ९ अनुसारको धरौटी नराखी दर्ता भएको प्रस्तुत पुनरावेदन दर्ता हुँदा कै बखत देखि खारेज हुने ठहर्छ।करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन।

पुष्पप्रसाद गुरागाईं
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
इजलास अधिकृतः- सरिता रिजाल
कम्प्यूटर टाइपः- चन्द्रबहादुर नेपाली
फैसला मितिः- २०७९।०५।२८।३
प्रमाणीकरण गर्ने लेखा सदस्य
फैसला प्रमाणीकरण मितिः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप